# <u>सहायक बालीको श्रोत वीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८</u>

सहायक बालीको श्रोत वीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८ माननीय मन्त्रिस्तरबाट स्वीकृत मितिः २०७८/८/२९

<u>**प्रस्तावनाः**</u> पहाडी क्षेत्रमा उल्लेख्य रुपमा खेति हुने कोदो, फापर तथा जौको क्षेत्र विस्तारका साथै उत्पादन एंव उत्पाकत्व अभिवृदिका लागि आवश्यक श्रोत बीउ उत्पादन तथा गुणस्तर प्रवर्द्धन कार्यक्रम समन्वयात्मक तथा एकिकृत तवरबाट संचालन गर्नका लागि विनियोजन ऐन २०७८ को दफा १० को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले "सहायक बालीको श्रोत वीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८" स्वीकृत गरी लागू गरिएको छ।

## परिच्छेद -१

## <u>प्रारम्भिक</u>

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस कार्यविधिको नाम **"सहायक बालीको श्रोत वीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि-२०७८"** हुनेछ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा-,

(क) **"आवेदक** भन्नाले न्युन आर्थिक महत्व भएका पहाडी बालीको श्रोत वीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रममा सहभागि हुनका लागि आवेदन दिएका कृषक समूह, कृषि सहकारी र सामुदायिक बीउ बैंकलाई सम्झनु पर्छ ।

(ख) **"उत्पादक"** भन्नाले न्युन आर्थिक महत्वका बालीका विभिन्न जातहरुको मूल, प्रमाणित तथा उन्नत बीउ उत्पादनमा संलग्न कृषक समूह, कृषि सहकारीमा आवद्ध कृषकहरुलाइ सम्झनु पर्छ ।

(ग) **"उन्नत बीउ"** भन्नाले प्रचलित बीउ विजन ऐन र बीउ विजन नियमावली अनुसार मूल वा प्रमाणित बीउबाट उत्पादन गरी यथार्थ संकेत पत्र लगाइएको बीउ सम्झनु पर्छ। यसले बालीका वर्णशंकर जातहरु समेतलाई जनाउदँछ।

(घ) **"कार्यक्रम"** भन्नाले न्युन आर्थिक महत्व भएका पहाडी बालीको श्रोत वीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रम अन्तरगत स्वीकृत कार्यक्रमलाई सम्झनु पर्छ।

(ङ) **"केन्द्र "** भन्नाले कृषि ज्ञान केन्द्र सम्झनु पर्छ ।

(च) **"सहायक बाली"** भन्नाले यस कार्यविधि बमोजिम पहाडी भु भागहरुमा उत्पादन हुने कोदो,जौ तथा फापर जस्ता न्युन आर्थिक महत्व भएका बालीहरुलाइ सम्झनु पर्छ।

(छ) **"प्रयोगशाला"** भन्नाले बीउ विजन प्रयोगशाला, बागमती प्रदेशलाइ सम्झनु पर्छ।

(ज) **"बीउ विजन"** भन्नाले प्रचलित कानुन अनुसार उन्मोचन तथा दर्ता भएका बिभिन्न बालिका जातहरुको श्रोत बीउ, प्रमाणित बीउ, उन्नत बीउ र वर्णशंकर बीउलाई सम्झनु पर्छ ।

(झ) **"मन्त्रालय** "भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेशलाई सम्झनु पर्छ ।

(ञ) **"निर्देशनालय** "भन्नाले कृषि विकास निर्देशनालय, वागमती प्रदेशलाइ सम्झनु पर्छ।

(ट) **"स्थानीय तह** "भन्नाले महानगरपालिका,उपमहानगरपालिका, नगरपालिका र गाँउपालिकाहरुलाई सम्झनु पर्छ।

(ठ) **"श्रोत बीउ"** भन्नाले प्रचलित बीउ विजन ऐन र बीउ विजन नियमावली अनुसार प्रमाणीकरण पद्धतीद्धारा प्रमाणित गरिएको मूल र प्रमाणित बीउ सम्झनु पर्छ। यसले वर्णशंकर जातका पैत्रिक लाईन (इनब्रेड) समेतलाई सम्झनु पर्छ ।

३. <u>उद्देश्यः</u> यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछः-

(क) प्रचलित बिउ बिजन ऐन, बिउ बिजन नियमावली तथा कार्यविधि/निर्देशिका बमोजिम अधिकतम गुणस्तर कायम गरी बिउ बिजन उत्पादन, प्रशोधन, बजारीकरण तथा उपयोग गर्न/गराउन आवश्यक पर्ने उत्पादनका सामाग्रीहरु, प्रविधि तथा पुर्वाधारहरुको एकिकृत रुपमा बिकास गर्ने,

(ख) गुणस्तरिय बीउको उत्पादन प्रवर्दन मार्फत सहायक बालीको उन्नत बीउका लागि आवश्यक पर्ने श्रोत बीउको उपलव्धता वृद्धि गर्ने,

(ग) उन्नत बीउको प्रयोगबाट सहायक बालीको वीउ तथा जात प्रतिस्थापन दर वृदिमा सहयोग गर्ने।

## परिच्छेद-२

## <u>कार्यक्रम सञ्चालन, गुणस्तर प्रवर्द्धन तथा नियन्त्रण प्रक्रिया</u>

४. <u>कार्यक्रम संचालन:</u> (१) न्युन आर्थिक महत्व भएका पहाडी बालीको श्रोत बीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रम बागमती प्रदेशका अनुसुची- १ अनुसारका ४ जिल्लाहरुमा सञ्चालन हुनेछ। कार्यक्रम कार्यान्वयन गर्दा सम्भव भएसम्म सामाजिक आर्थिक रुपमा पछी परेका/पारिएका समुदाय, भौगोलिक रुपमा विकट/पंहुच नपुगेका, बीउ उत्पादनका लागि प्राविधिक रुपमा उपयुक्त तथा नँया समुह/सहकारीहरुलाइ प्राथमिकता प्रदान गरिने छ ।

(२) कार्यक्रम श्रोत उपलव्धताको आधारमा सम्वन्धित जिल्लास्थित कृषि ज्ञान केन्द्र संगको समन्वयमा बीउ बिजन प्रयोगशाला मार्फत सञ्चालन हुनेछ।

(३) कार्यक्रममा सहभागी हुन चाहने कृषक समूह, कृषि सहकारी, र सामुदायिक बीउ बैंकले न्युनतम १० रोपनी क्षेत्रफलमा श्रोत बीउ उत्पादन गर्नुपर्नेछ।

(४) सहायक बालीहरुको बीउ प्रतिस्थापन दर वृदि मार्फत उत्पादकत्व अभिवृदिका लागि आवश्यक श्रोत बीउ व्यवस्थापनका हकमा नेपाल सरकारबाट सिफारिश एंव सुचिकृत भएका तथा सिफारिस उन्मुख जातहरु मात्र प्रयोग गर्नु पर्ने छ। आवश्यक श्रोत बीउका उपलव्धताका लागि नेपाल कृषि अनुसन्धान परिषद अन्तरगतका फार्म केन्द्र वा श्रोत बीउका लागि इजाजत पत्र समुह/सहकारी/कम्पनी मार्फत खरिद सम्वन्धि व्यवस्थापनमा आवश्यक सहजिकरण गरिने छ ।

(५) कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह, कृषि सहकारी/सामुदायिक बीउ बैकलाई प्रयोगशालाले १५ दिनको सूचना प्रकाशन गर्नेछ र सो समयावधि भित्र माग बमोजिम निवेदन प्राप्त हुन नसकेमा पुनः ७ दिनको म्याद थप गरी सुचना प्रकाशन गर्न सक्नेछ। सूचना राष्ट्रिय दैनिक पत्रमा प्रकाशन गरिनेछ र उक्त सूचनालाइ मन्त्रालय, निर्देशनालय, प्रयोगशाला तथा सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्रको वेभसाइटमा समेत राखिने छ।

(६) कार्यक्रममा सहभागि हुन इच्छुक आवेदकहरुले लागत सहभागिताको आधारमा अनुसुची-२ मा उल्लेखित उत्पादन सामांग्री प्रविधि तथा पुर्वाधारका लागि प्रस्ताव पेश गर्न सक्नेछन। प्रविधि प्रसार तथा प्रमाणिकरण प्रयोजनको लागि प्रयोगशालाले नियमित कार्यक्रम मार्फत उपलव्ध गराउन सक्ने छ।

(७) इच्छुक कृषक समुह, कृषि सहकारी तथा सामुदायिक वीउ वैंकहरुले सम्वन्धित जिल्लाको कृषि ज्ञान केन्द्र मार्फत प्रयोगशालामा प्राप्त हुने गरि अनुसुची- ३ बमोजिमको ढाँचामा आवेदन पत्र पेश गर्नु पर्ने छ ।

(८) कार्यक्रममा सहभागि हुन चाहने इच्छुक कृषक समूह, कृषि सहकारी र सामुदायिक बीउ बैकले प्रस्तावित क्षेत्रमा कम्तिमा २ वर्ष सम्म निरन्तर रुपमा कोदो/ जौ तथा फापर बालीको विज वृद्धि कार्यक्रम संचालन गर्नका लागि अनुसुची- ४ बमोजिम प्रतिवद्धता पत्र/स्वघोषणा पत्र पेश गर्नुपर्ने छ ।

(९) कार्यक्रमका लागि प्राप्त आवेदनहरुको अनुसुची- ५ बमोजिमका आधारमा मुल्यांकन गरिने छ।

## ५. <u>बीउको गुणस्तर नियन्त्रण तथा प्रमाणिकरण</u>

(क) उत्पादकले गुणस्तरिय बीउ उत्पादनका लागि सहज रुपमा पृथकता दुरि कायम गर्न सकिने क्षेत्रमा मात्र वीउ उत्पादन गरिने सुनिश्चितता गरेको हुनुपर्ने छ।

(ख) उत्पादकले नेपाल सरकारबाट सम्वन्धित क्षेत्रको लागि सिफारिश एंव सुचिकृत जातको मात्र वीज वृद्धि गर्नु पर्ने छ ।

(ग) उत्पादकले आफुले लगाउने बालीहरुको जात प्रयोग भएको वीउको श्रोत तथा लगाएको क्षेत्रफल उल्लेख गरि बाली लगाएको १५ दिन भित्र वीउ विजन प्रयोगशालामा पुर्व जानकारी फाराम विधुतिय माध्यमबाट (https://seedlab.bagamati.gov.np) प्राप्त हुने गरि पठाउनु पर्दछ। साथै इमेलको सहज पहुच नभएको स्थानको हकमा बीउ प्रमाणिकरण निर्देशिका २०७४ को अनुसुचि ४ बमोजिमको बीउ बाली खेत निरिक्षण पुर्व जानकारी फाराम भरि यथाशिघ्र माध्यमबाट प्रयोगशालामा प्राप्त हुने गरि पठाउन सकिनेछ ।

(घ) उत्पादकले बीउको श्रोत, परिमाण र लगाइने क्षेत्रफलको विवरण सहित श्रोत वीउको निस्सा (ट्याग/ खरिद विल) सहितको पुर्व जानकारी विवरण प्रयोगशालामा पेश गर्नु पर्दछ ।

(ङ) प्रयोगशालाले प्राप्त पुर्व जानकारी फाराम अनुरुप बाली विशेषको आधारमा कार्य योजना सहित खडा बाली निरीक्षण, भण्डारण निरीक्षण तथा नमुना संकलन गर्नु पर्दछ ।

(च) प्रयोगशालाले प्राप्त नमुनाहरुको प्रयोगशाला परिक्षण गरि सम्वन्धित उत्पादकले प्राप्त गर्ने गरि परिक्षण प्रतिवेदन जारी गर्नु पर्दछ।

(छ) बीउ प्रमाणिकरणका लागि निर्धारित न्युनतम मापदण्डहरु पुरा गरेका उत्पादित श्रोत बीउमा बीउको श्रोत अनुसार संकेत पत्र जारी गर्ने जिम्मेवारी प्रयोगशालाको हुनेछ ।

(ज) गुणस्तर नियन्त्रणका सवै पक्षहरु अवलम्वन गर्न प्रयोगशाला केन्द्र तथा सम्वन्धित स्थानिय तहका प्राविधिकहरुले आवश्यकता अनुसार संयुक्त/एकल रुपमा खडा बाली निरिक्षण, भण्डारण निरिक्षण गर्नेछन ।

६. **आवेदकहरुको न्युनतम योग्यताः** आवेदकको योग्यता देहाय बमोजिम हुनेछ,-

क. सम्वन्धित निकायमा अद्यावधिक दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि
ख. मुल वीउ उत्पादन गर्न चाहने कृषक समुह, कृषि सहकारी, र वीउ वैकको हकमा मुल वीउ उत्पादन इजाजत प्रमाण पत्रको प्रतिलिपि
ग. स्थायी लेखा नम्वर/मु.अ.क.दर्ता प्रमाण पत्रको प्रतिलिपि
घ. श्रोत/उन्नत वीउ उत्पादन कार्यक्रममा सहभागि हुने समुह/सहकारी/वीउ वैंकको वैठकको माइन्युटको प्रमाणित प्रतिलिपि
ङ. सामुहिक रुपमा बीउ उत्पादन गर्नेको हकमा बीउ उत्पादकहरुको जग्गाको कित्ता न. एंव क्षेत्रफल सहितको सुचि
च. सहकारीको हकमा गत आ.व. को लेखा परिक्षण प्रतिवेदन तथा कर छुट/कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

## परिच्छेद -३
## आर्थिक पक्ष

७. **अनुदान**: कार्यक्रम लागत सहभागिताको आधारमा हुनेछ। प्रयोगशालाको कुल लागतमा बढीमा ५०% तथा आवेदक संस्थाको कम्तिमा ५० % लगानी (नगद/श्रम वा दुवै गरि) हुनुपर्ने छ ।साथै आवेदकहरुले जुटाउनु पर्ने रकमको हकमा नगद/जिन्सी के बाट गर्ने हो आवेदन फाराममा स्पष्ट खुलाउनु पर्ने छ र सोको आवश्यक सहयोगि कागजात समेत संग्लग्न गर्नुपर्दछ। अनुदान लागत गणना गर्दा खरिद गरिएका वस्तुहरुको प्रचलित बजार मूल्यको समेत तुलना गरेर मात्र सिफारिस हुने व्यवस्था गर्नुपर्नेछ ।

८. **सम्झौता**: छनौट भएका उत्पादक संग प्रयोगशालाले ७ दिनको समयावधि दिइ सम्झौताका लागि आव्हान गर्न सक्ने छ।

९. **भुक्तानी**: कार्यक्रम कार्यान्वयनका लागि छनौट भएका आवेदकहरुलाइ सम्झौता बमोजिमका क्रियाकलापहरु सम्पन्न गरे पश्चात एंव प्रयोगशालाको अन्तिम खेत निरिक्षण प्रतिवेदन समावेश भएपश्चात सम्झौता बमोजिमको रकममा नियमानुसार कर कट्टी गरि बाँकी रकम सम्वन्धित आवेदकहरुको वैंक खातामा जम्मा हुने गरि भुक्तानीको व्यवस्था गरिने छ।

१०. पारदर्शिता तथा अनुदानको गुणस्तरिय उपयोग प्रवर्दनका लागि साझेदार संस्थाहरुले सम्पूर्ण लागत बमोजिमको रकम एंव संचालन गरिने क्रियाकलापहरु सहितको होर्डंग वोर्डको व्यवस्था कार्यक्रम संचालन हुने स्थानमा गर्नु पर्ने छ।

११. गुणस्तरिय बीउको उपयोगको अभिवृदिका लागि अनिवार्य रुपमा प्रयोगशाला परिक्षण प्रतिवेदन, संकेत पत्र प्रयोग, उत्पादित बीउ श्रोत/ उन्नत बीउ उत्पादनमा विक्रि गर्ने प्रतिवद्धता पत्र आदि कागजातहरु भुक्तानीका लागि पेश गरिएका कागजातमा संग्लग्न गर्नुपर्दछ।

## परिच्छेद-४
## विविध

१२. **अनुगमन तथा मुल्याङ्कन:** मन्त्रालय, निर्देशनालय, केन्द्र र बीउ विजन प्रयोगशालाहरुले आवश्यकताअनुसार सञ्चालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन एकल/सयुंक्त रुपमा गर्नेछन ।

१३. **कारवाहीको व्यवस्था**: अनुदानग्राहीले सम्झौता बमोजिम अनुदान रकम लिई दुरुपयोग गरेको वा संघ, प्रदेश र स्थानीय तहको दोहोरो कार्यक्रम लिएको पाईएमा प्रदेश सरकारबाट प्राप्त अनुदान रकम प्रचलित व्याज सहित असुल उपर गरिनेछ र अनुदान दुरुपयोग गरेमा २ वर्षसम्म प्रदेश सरकारवाट सञ्चालन हुने अनुदानको कार्यक्रममा समावेश गरिने छैन ।

१४. **<u>संशोधन</u>**: यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले आवश्यक संशोधन गर्न सक्नेछ ।

१५. **<u>प्रचलित कानून बमोजिम हुने:</u>** यस कार्यविधिमा उल्लेख भएका विषय प्रचलित कानूनसगँ बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

## अनुसुची १

## सहायक बालीको श्रोत वीउ उत्पादन कार्यक्रम

कार्यक्रम लागु हुने जिल्लाहरु

१. रसुवा

२. दोलखा

३. सिन्धुपाल्चोक

४. रामेछाप

अनुसुची- २

<u>कार्यक्रम समावेश गर्न सकिने क्रियाकलापहरु तथा अनुदानको सिमा</u>

| क्र.स. | विवरण | कैफियत |
|---|---|---|
| १ | उत्पादन सामांग्री (श्रोत बीउ, मल तथा सुरक्षित विषादी ) | |
| २ | पुर्वाधार निर्माण/सबलीकरण तथा प्रवर्दन | |
| | थ्रेसर | |
| | सिड ट्रिटर | |
| | वोरा सिलाउने मेशिन | |
| | बीउ जोख्ने डिजीटल तराजु न्युनतम १०० के जी क्षमता | |
| | वीउको चिस्यान मापक यन्त्र | |
| | बीउ ग्रेडिङ्ग मेशिन | |
| | बीउ सुकाउने त्रिपाल | |
| | बीउ प्यांकिंग गर्ने वोरा | |
| ३. | प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रण | |
| | बीउ उत्पादन प्रशोधन तथा भण्डारण सम्वन्धि स्थलगत तालिम | |
| | खडाबाली निरिक्षण, भण्डारण निरिक्षण नमुना संकलन बीउ परिक्षण तथा संकेत पत्र जारी | बीउ प्रमाणिकरण निर्देशिका २०७४ मा उल्लेख भएअनुसार |

## अनुसुची- ३

## सहायक बालीको श्रोत वीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रममा सहभागिताका लागि पेश गर्ने आवेदनको ढाँचा

१. आवेदन पेश गर्ने संस्थाको नाम

२. ठेगाना

३. दर्ता भएको निकाय

४. कार्यक्रमको नाम

५. कार्यक्रम संचालन हुने स्थान

बीउ उत्पादन हुने बाली तथा जात

७. बीउ उत्पादनको प्रकार

८. बीउ उत्पादन हुने क्षेत्रफल

९. कार्यक्रमको उद्देश्य

१०. कार्यक्रमका मुख्य मुख्य क्रियाकलापहरु

११. कुल लागत रु.

अनुदान रु.
आवेदकको लागत सहभागिता रु.

१२. कार्यक्रमको नविनतम पक्षहरु

१३. कार्यक्रममा सामाजिक समावेशिता

१४. लाभान्वित विवरण

महिला पुरुष जम्मा दलित जनजाति अन्य

१५. अपेक्षित प्रतिफलहरु

१६. कार्यक्रमको निरन्तरताका लागि अवलम्वन गरिने विधि एंव तौर तरिका

१७. कार्यक्रम शुरु हुने मिति

१८. कार्यक्रम सम्पन्न हुने मिति

१९. प्रस्तावित कार्यक्रम तथा वजेट

| क. स. | विवरण | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उत्पादन सामाग्री | | | | | |
| | बीउ | | | | | |
| | मल | | | | | |
| | विषादी | | | | | |
| २ | प्रविधि प्रसारण तथा गुणस्तर नियन्त्रण | | | | | |
| | स्थलगत तालिम बीउ उत्पादन प्रशोधन तथा भण्डारण | | | | | |
| | खडा बाली निरिक्षण | | | | | |
| | भण्डारण निरिक्षण तथा नमुना संकलन | | | | | |
| | संकेतपत्र जारी तथा ट्यागिंग | | | | | |
| ३ | पुर्वाधार निर्माण/विस्तार | | | | | |
| | थ्रेसर खरिद | | | | | |
| | बीउ उपचार गर्ने मेशिन | | | | | |
| | बीउ सुकाउने त्रिपाल | | | | | |
| | बीउ ग्रेडिङ्ग मेशिन | | | | | |
| | बोरा सिलाउने मेशिन | | | | | |
| | बीउ प्याकिंग गर्ने वोरा | | | | | |

| क्र. स. | विवरण | इकाइ | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| ४ | व्यवस्थापन | | | | | |
| | सामाग्री ढुवानी | | | | | |
| | पारदर्शिता प्रवर्दनका लागि होर्डिग वोर्ड | | | | | |
| | सार्वजनिक सुनुवाइ | | | | | |
| | जम्मा | | | | | |

२०. बीउ वजारीकरण तथा व्यवस्थापन गर्न गरिने विविध पक्षहरु

२१. श्रोत व्यवस्थापनका लागि गरिने अन्तर निकाय समन्वय

आवेदन पेश गर्नेको नाम थरः

पदः
हस्ताक्षर
मितिः
सम्पर्क नम्बरः

संस्थाको छाप

पुनश्च : यस ढाँचामा आफूले गर्न चाहेको बीउ बाली उत्पादनका विविध विषय तथा क्रियाकलापहरु विस्तृत रुपमा समावेश गर्नु पर्ने ।

अनुसूची-४

**प्रतिबद्धता पत्र /स्वघोषणा पत्र**

बीउ बिजन प्रयोगशाला बागमती प्रदेश हेटौंडाको मिति................. मा प्रकाशित सूचना अनुसार सहायक बालीको श्रोत बीउ उत्पादन तथा प्रमाणिकरण सहयोग कार्यक्रममा सहभागिताको लागि इच्छुक भई सोको कार्ययोजना सहितको आवेदन पेश गरेको/गरेका छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेखित कार्य गर्नेछौं र कम्तिमा २ वर्षसम्म निरन्तर रुपमा न्युन आर्थिक महत्व भएका बालीको बीउ उत्पादन, व्यवस्थापन तथा वजारीकरण सम्वन्धि कार्य गर्नेछौं। कार्ययोजना अनुसारको कार्य नगरेमा वा तोकिएको अवधि अगाबै सो कार्य बन्द गरेमा यस कार्यको लागि प्राप्त अनुदान रकम प्रचलित ब्याजसहित फिर्ता गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। सञ्चालित क्रियाकलापबाट बातावरणलाई नकारात्मक असर नपुर्‍याउने प्रतिवद्धता सहित स्वघोषणा समेत व्यक्त गर्दछौं। यस कार्यविधिमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

<u>आवेदकको तर्फबाट</u>

| क्र स | आवेदक संस्थाको नाम | ठेगाना गा.पा./न.पा. वडा नं | जग्गाको ठेगाना | बीउ उत्पादनका लागि प्रस्तावित जग्गाको कित्ता नं | बीउ उत्पादनका लागि प्रस्तावित जग्गाको कुल क्षेत्रफल हे. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

नाम थर

पद

दस्तखत

मिति

संस्था र छापः

| दाँया | बाँया |
|---|---|
| | |

अनुसुची- ५

<u>प्रस्ताव मुल्यांकनका आधारहरु तथा अंकभार</u>

| क.स | आधारहरु | अक भार | कैफियत |
|---|---|---|---|
| १ | बीउ उत्पादन गर्ने क्षेत्रफल तथा वजारीकरण गर्न सकिने बीउको परिमाण | १५ | |
| | १० रोपनि क्षेत्रफल तथा १ मे टन सम्म वजारीकरण परिमाण | ८ | |
| | १० देखि २० रोपनी क्षेत्रफल तथा १.५ देखि २ मे टन सम्म बजारीकरण परिमाण | १२ | |
| | २० रोपनी भन्दा बढि क्षेत्रफल तथा २ मे टन भन्दा बढि परिमाणमा वजारीकरण | १५ | |
| २ | सम्वन्धित स्थानिय तहको बीउ उत्पादन तथा व्यवस्थापनमा प्राविधिक सहयोग गर्ने प्रतिवद्दता पत्र | १० | |
| ३ | उत्पादित श्रोत वीउ खरिद/विक्री सम्वन्धि खरिद विक्री पुर्व सम्झौता | १० | |
| ४ | सम्भावित बीउ उत्पादन क्षेत्रको प्राविधिक उपयुक्तता | १५ | |
| ५ | लागत सहभागिताका लागि श्रोत जुटाउन सक्ने क्षमता | १० | |
| ६ | बीउ उत्पादन एंव व्यवस्थापन सम्वन्धि संस्थागत अनुभव | १५ | |
| | ३ वर्ष सम्मको उत्पादन सम्वन्धि अनुभव | ८ | |
| | ३ देखि ५ वर्ष सम्मको उत्पादन सम्वन्धि अनुभव | १२ | |
| | ५ वर्ष भन्दा बढिको उत्पादन सम्वन्धि अनुभव | १५ | |
| ७ | बीउ उत्पादनका लागि क्लष्टर/ब्लक निर्माण/विस्तार गर्न सकिने सम्भावना | १५ | |
| ८ | प्रस्तावमा उल्लेखित नविनतम एंव बीउ उत्पादनको निरन्तरताका लागि अवलम्वन गरिने पक्षहरु | १० | |

+